# शारदा नगरपालिका सडक वालवालिकाको व्यवस्थापन खर्च कार्यविधि २०७५

**स्वीकृत मितिः२०७५।१०।०३**

।

**परिच्छेदः १**

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(क) यो कार्यविधिको नाम "शारदा नगरपालिकाको सडक वालवालिकाको व्यवस्थापन खर्च कार्यविधि २०७५" रहनेछ ।

(ख) यो कार्यविधि नगर कार्यपालिकाले स्वीकृत गरी राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसगंले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "प्रदेश र स्थानीय तहको वालअधिकार समिति" भन्नाले वालवालिका सम्वन्धी ऐन २०७५ को दफा ६० वमोजिम गठित समिति सम्झनुपर्दछ ।

(ख) "मन्त्रालय" भन्नाले महिला, वालवालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्झनुपर्दछ ।

(ग) "राष्ट्रिय वालअधिकार परिषद" भन्नाले वालवालिका सम्वन्धी ऐन २०७५ को दफा ५९ वमोजिम गठन हुने परिषद गठन हुने समिति सम्झनुपर्दछ ।

(घ) "विभाग" भन्नाले महिला तथा वालवालिका विभाग सम्झनुपर्दछ ।

(ङ.) "वालकल्याण अधिकारी" भन्नाले वालवालिका सम्वन्धी ऐन २०७५ को दफा ६१ वमोजिम नियुक्त हुने वा तोकिएको व्यक्ति सम्झनुपर्दछ ।

(च) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनुपर्दछ ।

"कार्यक्रम" भन्नाले सडक वालवालिकाको उद्धार, संरक्षण, मनोविमर्श, सामाजिकीकरण, पारिवारीक तथा सामाजिक पुर्नस्थापना एवं पुर्नएकीकरणसहित सडक वालवालिकाको हितमा कार्य गर्न गराउन सचेतना लगायत वालअधिकारको प्रवर्धन र सडक वालवालिकाको अधिकार तथा भविष्य सुनिश्चित गर्न सरकारी तथा गैरसरकारी निकाय, विकासका साझेदार संस्था र नागरिक समाजसँगको समन्वय, सहयोग र सहकार्यमा सञ्चालन गरिने देहायका कार्यक्रम सम्झनुपर्दछ ।

१) सडक वालवालिका पहिचान तथा उद्धार

२) सम्पर्क गृह

३) सामाजिकीकरण केन्द्र

४) पारिवारिक तथा सामाजिक पुर्नमिलन, पुर्नस्थापना र पुर्नएकीकरण

५) पारिवारीक सहयोग तथा आर्थिक विकास

६) सचेतना अभिवृद्धि तथा रोकथाम

(छ) "सडक वालवालिका" भन्नाले चौविसै घण्टा वा रातभर वा दिनभर वा दिनरातको केही समय जीवन निर्वाहका लागि सडकमा आश्रय लिएका निम्नानुसारका वालवालिका सम्झनुपर्दछ ।

१) अभिभावक वा परिवार विहिन भई सडकमा रहेका,

२) परिवारसँग लामो समयदेखि सम्पर्कमा नरही पुर्णरुपमा सडकमा रहेका,

३) परिवारसँग समय समयमा सम्पर्कमा रही सडकमा रहेका,

४) परिवारसँगै सडकमा रहेका,

५) विपद, द्वन्द्व लगायतका कारण वासस्थान छाडी वा हराएर वा वेवारिस भएर सडकमा नै जीवन निर्वाह गर्न वाध्य भएका,

६) विभिन्न कारणले परिवारवाट परित्यक्त भइ सडकमा अलपत्र छाडिएका,

७) विशेष परिस्थिति (पारिवारीक विखण्डन समेत) को कारण एक्लै वा साथीसँग आश्रय लिएका वालवालिका,

## परिच्छेदः २

## कार्यक्रम संचालन र उद्देश्य

**३. कार्यक्रमको उद्देश्यः**

(१) सडक वालवालिकाको उद्धार, संरक्षण, मनोविमर्श, सामाजिकीकरण, पारिवारीक तथा सामाजिक पुर्नमिलन, पुर्नस्थापना तथा पुर्नएकीकरण गरी उनीहरुलाई सडक जीवनवाट मुक्त गर्नु ।

(२) वालवार्लिका सडकमा आउने कारणको पहिचान गरी सो को सम्वोधनद्वारा उनीहरु सडकमा आउने क्रमलाई निरुत्साहन गर्नु ।

(३ ) सडक वालवालिका व्यवस्थापन कार्य तथा खर्च गर्ने प्रकृयामा एकरुपता कायम गर्नु ।

**४. कार्यकम संचालन** :

प्रदेश तथा स्थानीय तहमा सडक वालवालिका व्यवस्थापन सम्वन्धी कार्य गर्दा देहाय वमोजिम गर्नुपर्नेछ ।

(१) प्रत्येक प्रदेशमा प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयले सडक वालवालिकाहरुको उद्धार, संरक्षण, लालनपालन, परिवार तथा सामाजिक पुनर्स्थापना, पुनर्मिलन, पुर्नएकीकरण, मनोसामाजिक परामर्श, सामाजिकीकरण लगायतको कार्यहरु संचालन गर्ने, । उद्धार गरिएका वालवालिकाहरुलाई प्रदेशको समन्वयमा सम्वन्धित स्थानीय तह तथा सामाजिक संघसंस्थावाट पुर्नस्थापना गर्न सकिनेछ ।

(२) सडक वालवालिकाहरुलाई विभिन्न सचेतनामुलक सन्देश तथा कार्यकम संचालन गरी समाजमा वस्ने उपयुक्त वातावरण सृजना गर्दै पुनः सडकमा फर्कनवाट रोक्ने ।

(३) सडक वालवालिकाहरुको स्वास्थ्य, तथा औषधी उपचार कार्यको लागि आवश्यक व्यवस्था मिलाउने ।

(४) सडक वालवालिकाहरुलाई औपचारिक तथा अनौपचारिक शिक्षा, सीपमुलक तथा अभिमुखीकरण तालीम मार्फत सक्षम वनाउने कार्यहरु संचालन गर्ने ।

(५) वालवालिका सडकमा आउने कारणको पहिचान गरी सो को सम्वोधनद्धारा उनीहरु सडकमा आउने क्रमलाई निरुत्साहित गर्न कार्य अगाडि वढाउने ।

(६) सरोकारवालाहरु (सरकारी तथा गैरसरकारी संघ,संस्था, नागरिक समाज) सँग समन्वय, सहजीकरण र सहकार्य गर्ने ।

(७) प्रत्येक प्रदेशको प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय तथा प्रदेशभित्र सञ्चालित सडक वालवालिका सम्वन्धी कार्यकमको अनुगमन गरी सो को प्रतिवेदन महिला, वालवालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा पठाउने

## परिच्छेदः ३

## खर्च र लेखापरीक्षणः

**५ खर्च र लेखापरीक्षणः**

(क) सडक वालवालिका व्यवस्थापनको लागि विभिन्न स्रोतवाट प्राप्त भएको रकम खर्चको प्रचलित कानुन वमोजिम आय व्यव विवरणको लेखा राख्ने तथा आन्तरिक लेखापरीक्षण तथा अन्तिम लेखा परीक्षण गराउने । सोको प्रतिवेदन महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा समेत पठाउनुपर्ने ।

(ख) सडक वालवालिकाको व्यवस्थापनको लागि विनियोजित वजेट प्रचलित आर्थिक प्रशासन सम्वन्धी ऐन, नियमावलीको खर्चको मापदण्डको परिधिभित्र रही खर्च गनुपर्नेछ । उक्त रकम खर्च गर्दा सडक वालवालिका उद्धार, संरक्षण तथा व्यवस्थापन मार्गदर्शन २०७२ तथा यस कार्यविधिको परिधिभित्र रही खर्च गर्नुपर्नेछ ।

(ग) विनियोजित वजेट अनुसार कुन कुन क्षेत्रमा के कति रकम खर्च गरियो, सडक वालवालिका व्यवस्थापनमा गरिएका सकारात्मक पक्षहरु के के रहे, कमीकमजोरीहरु के के छन् भन्ने सम्वन्धमा विवरण तयार गर्ने । वार्षिक रुपमा महिला, वालवालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा राय सुझाव सहितको प्रतिवेदन पेश गर्ने ।

**६. प्रतिवेदन पेश गर्नेः**

सम्वन्धित प्रदेश वा स्थानीय तहले सडक वालवालिका व्यवस्थापन सम्वन्धी गरेका कार्यक्रमहरुको प्रगती प्रतिवेदन, आय व्यय विवरण, मासिक, त्रैमासिक, अर्धवार्षिक र वार्षिक रुपमा तयार गरी स्थानीय तहले सम्वन्धित प्रदेशको सामाजिक विकास मन्त्रालयमा र प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयले एकीकृतरुपमा अर्धवार्षिक र वार्षिक रुपमा महिला, वालवालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा पठाउनुपर्ने ।

## परिच्छेद ४
## विविध

**७. विविधः**

सडक वालवालिका सम्वन्धी कार्यक्रम संचालन गर्दा सडक वालवालिका उद्धार, संरक्षण तथा व्यवस्थापन मार्गदर्शन, २०७२ र सडक वालवालिका पहिचान तथा उद्धारका लागि कार्यसंचालन पुस्तिका २०७२ लाइ समेत आधार मान्नुपर्नेछ ।